## स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको

# बत्तीसौं बार्षिक साधारण सभाको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको **मिति २०७५ साल मंसिर २१** गते बसेको संचालक समितिको **३७७ औं** बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको बत्तीसौं बार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष **श्री जितेन्दर अरोरा**ज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको स्थान, मिति र समय :**

२.१ स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौं ।
२.२ मिति : २०७५ साल माघ ७ गते (तदनुसार २१ जनवरी २०१९), सोमबार ।
२.३ समय : दिउँसो १:०० बजे प्रारम्भ भई साँझ ५:३० बजे सम्पन्न भयो ।

३. **सभाको सूचना प्रकाशन :**

३.१ साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितका विवरण खुलाई मिति २०७५ साल मंसिर २२ गते शनिवार (तदनुसार ८ डिसेम्बर २०१८) को 'नयाँ पत्रिका' राष्ट्रिय दैनिक पत्रिकामा तथा मिति २०७५ साल मंसिर २३ गते, आइतवार (तदनुसार ९ डिसेम्बर २०१८) को 'आर्थिक अभियान' राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

३.२ सञ्चालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण (संक्षिप्त आर्थिक विवरण) तथा अन्य विवरणहरू संक्षिप्त पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूले उपलब्ध गराउनु भएको व्यक्तिगत ठेगानामा पत्राचार गरी यथासमयमा पठाइएको थियो ।

४. **सभाको विषय सूची :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७४/०७५ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०७५ मा समाप्त भएको वर्षको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १७.५० (अक्षेरुपी सत्र रुपैया पचास पैसा) का दरले नगद लाभांश स्वीकृत गर्ने ।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । {बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक एस.ए.आर एसोसियट्स चार्टर्ड एकाउन्टेन्टस् पुन: नियूक्त हुन सक्नेछ}
५. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने ।

**ख. विविध ।**

५. **उपस्थिति :**

५.१. **सञ्चालकहरू :**

(क) श्री जितेन्दर अरोरा - अध्यक्ष
(ख) श्रीमती करेन डि एलविस - सञ्चालक तथा संयोजक - लेखापरीक्षण समिति
(ग) श्रीमती अमृत कुमारी थापा - संचालक
(घ) श्री कृष्ण कुमार प्रधान - स्वतन्त्र संचालक तथा अध्यक्ष - जोखिम व्यवस्थापन समिति
(ङ) श्री जोसेफ सिल्भानुस - संचालक तथा प्रमुख कार्यकारी अधिकृत

**५.२. प्रतिनिधिहरू :**

(क) श्री राजन उदास - स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन, संयुक्त अधिराज्य
(ख) श्री आदर्श बजगाई - स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, सिड्नी अष्ट्रेलिया

**५.३. पर्यवेक्षकहरू :**

(क) श्री मदन नारायण मल्लिक - श्री कम्पनी रजिष्ट्रारको कार्यालय

**५.४. शेयरधनीहरूको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| (क) | कुल शेयर (संख्यामा) | - | ८०,११४,३०६.६७ |
| (ख) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | - | ६,००,६८,९७१ |
| (ग) | शेयरधनी स्वयंबाट प्रतिनिधित्व (संख्यामा) | - | ३८,२०,४५१ |
| (घ) | संस्थापकको प्रतिनिधिबाट प्रतिनिधित्व(संख्यामा) | - | ५६,२४८,५२० |
| (ङ) | जम्मा उपस्थित शेयरधनीहरूको संख्या | - | ३,९४२ |
| (च) | जम्मा शेयर संख्याको प्रतिनिधित्व (प्रतिशतमा) | - | ७४.९७ प्रतिशत |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य हुनुहुन्थ्यो ।

**६. सभाको वैधानिकता र गणपुरक संख्या :**

**६.१.** साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३, बैंकको प्रबन्ध-पत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम बत्तीसौं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको सभालाई जानकारी दिनुभयो ।

**६.२.** तत्पश्चात् निर्धारित विषय-सूचीको क्रमानुसार कानून बमोजिम सभा अगाडि बढ्यो ।

**७. सभाको अध्यक्षता र सभा सञ्चालन :**
सभाको वैधानिकता पूरा भएपछि सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र बैंकको नियमावलीको नियम ६(१) अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री जितेन्दर अरोरा ज्यूलाई यस बत्तीसौं वार्षिक साधारण सभाको अध्यक्षता गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र श्री जितेन्दर अरोराज्यूले सभाको अध्यक्षता गर्नुभयो ।

**८. संचालक समितिको बत्तीसौं वार्षिक प्रतिवेदन प्रस्तुति :**

**८.१.** सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिका अध्यक्ष श्री जितेन्दर अरोराज्यूले आफ्नो मन्तव्यको मुख्य मुख्य अंश पढेर सुनाउनु भयो ।

**८.२.** अध्यक्षको मन्तव्य प्रस्तुत भएपछि सञ्चालक समितिको बत्तीसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात र मिति २०७४/०४/०१ देखि २०७५/०३/३२ सम्मको नाफा नोक्सानको हिसाब र सोही अवधिको नगद प्रवाह विवरण संलग्न अनुसूचीहरु उपर छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न राख्न तथा छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरूलाई सभाका अध्यक्ष श्री जितेन्दर अरोराज्यूले आह्वान गर्नुभयो ।

## ९. छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरू :

छलफलका लागि अध्यक्ष जयूले आमन्त्रण गर्नु भए अनुसार सभामा निम्न शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो ।

श्री व्यास कुमार शर्मा
श्री गुणराज भट्ट
श्री राजेश शाक्य
श्री मेजर कुवेर श्रेष्ठ
श्री तारानाथ सुवेदी
श्री नरसिंह लालचख्खु
श्री शिव प्रसाद पण्डित
श्री अशोक उप्रेती
श्री अमृत नाथ रेग्मी
श्री उद्धव प्रसाद घिमिरे
श्री चन्द्र नारायण श्रेष्ठ
श्री भक्ति प्रसाद उप्रेती
श्री ब्रम्हदेव शाक्य
श्री डा.सुन्दर लाल श्रेष्ठ
श्री डा. माधव श्रेष्ठ
श्री डिल्लीराम नकर्मी
श्री शत्रुघन श्रेष्ठ
श्री राजकुमार श्रेष्ठ
श्री प्रा.दामोदर प्रसाद रेग्मी
श्री लवराज जोशी
श्री राम गोपाल महर्जन
श्री महेन्द्र बहादुर श्रेष्ठ
श्री कृष्ण बहादुर अधिकारी

## १०. शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्यको संक्षिप्त विवरण :

छलफलको क्रममा सहभागी हुनुभएका शेयरधनी महानुभावहरूले पेश गर्नुभएको मन्तव्य तथा सुझावका मुख्य बुँदाहरु देहाय बमोजिम संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

**श्री व्यास कुमार शर्मा** ज्यूले बैंकको वासलातको विविध पक्षमा प्रकाश पार्नुहुँदै समग्र वासलातको आकार अठासी अर्व रुपैया पुग्नु, कर्जा लगानीमा बृद्धि हुनु तथा कुल नाफा दुई अर्व उन्नाईस करोड हुनुले सकारात्मक सन्देश प्रवाह गरेको तथा यसले बैंकको स्थायित्वलाई टेवा पुऱ्याउने धारणा व्यक्त गर्नुभयो । समग्रमा बैंकले प्रगति हासिल गरेको उल्लेख गर्दै सोका लागि बैंक व्यवस्थापन पक्षलाई धन्यवाद व्यक्त गर्नु हुँदै आगामी दिनहरुमा समेत अझ उत्कृष्ट उपलब्धी हासिल गर्न शुभकामना समेत व्यक्त गर्नु भयो ।

**श्री गुणराज भट्ट** ज्यूले बैंकले विश्वका ३ उत्कृष्ट बैंकको रुपमा कायम राखेको आफ्नो शाखलाई नेपालमा पनि कायम गर्न निरन्तर प्रयास गर्नुपर्नेमा जोड दिनुहुँदै हालसम्म बैंकले साइबर सुरक्षा तथा अन्य किसिमका विद्युतिय जोखिमलाई नियन्त्रण गर्न अपनाएका रणनीतिलाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो । साथै, कर्मचारीहरुलाई निरन्तर प्रशिक्षित गर्न तथा बैंकका समग्र कर्मचारीहरु माथि लगानी बढाउँदा त्यसले बैंकलाई नै फाईदा पुऱ्याउने विचार व्यक्त गर्नुभयो । बैंकका कर्मचारीहरुको व्यवहारको तारिफ गर्नुहुँदै आगामी दिनहरुमा समेत सोही बमोजिमको व्यवहारलाई निरन्तरता दिन समेत वहाँले आग्रह गर्नुभयो ।

**श्री राजेश शाक्य** ज्यूले बैंकले निक्षेप संकलनमा विशेष जोड दिएको अवस्थामा कर्जा लगानीलाई अझ विस्तार गर्न सकिने र त्यसले समग्र प्रतिफललाई बढाउन मद्दत गर्ने धारणा व्यक्त गर्नुभयो । समग्र वित्तिय विवरणलाई नेपाली

भाषामा समेत प्रस्तुत गरेकोमा धन्यवाद व्यक्त गर्नुहुँदै आगामी दिनमा बैंकले गर्ने सकरात्मक प्रयासले पुँजी बजारमा बैंकको स्थान पृथक रहन सक्नेमा जोड दिनुभयो ।

**मेजर कुवेर श्रेष्ठ (Major Kuber Shrestha)** highlighted the important aspects of bank's financial statement and also praised bank for maintaining its entire NPA to 0.18%. Also he compared the annual financial status of SCBNL with some other banks and stated SCBNL should continue its efforts for increasing its foot print in all provinces of the country. Stressing on earning per share (EPS) of the bank to be 27.33% he pointed overall management of bank to be concentrated on adequate return to the shareholders. Also Mr. Shrestha informed that shareholders are ready to serve the bank and its management team as and when required for continuous progress of the Bank.

**श्री तारानाथ सुवेदी** ज्यूले बैंकले आफ्नो पहिलेको उत्कृष्ट शाखलाई यथावत कायम राख्न गरिरहेको प्रयासलाई सर्हाना गर्नुहुँदै सोलाई निरन्तरता दिन बैंक व्यवस्थापनलाई आग्रह गर्नुभयो । साथै बैंकले आफ्ना शेयरधनीहरुको भावनालाई बुझेर समग्र लाभांशलाई शेयरधनीको अपेक्षा अनुरुप कायम गर्नुँपर्नेमा जोड दिनुभयो । शेयरधनीको सन्तुष्टीले शेयरबजारमा स्ट्याण्डर्ड चार्टर्ड बैंकको शेयरको मूल्यलाई समेत डोर्‍याउने हुँदा बैंक सो तर्फ सजग हुनुपर्ने तथा आफ्नै भवन निर्माण गरी बैंकको कुल सम्पत्तिको बृद्धि गर्नुपर्नेमा समेत जोड दिनुभयो ।

**श्री नरसिंहलाल चख्खु** ज्यूले बैंकले लगानीको थप क्षेत्र पहिचान गर्ने तथा आफ्नो उपस्थितिमा समेत वृद्धि गर्नुपर्नेमा जोड दिनुहुँदै नगद लाभांश तथा बोनश शेयर समेतको प्रतिफलले शेयरधनीहरुको विश्वासलाई कायम राख्न मद्दत गर्ने धारणा व्यक्त गर्नुभयो । साथै समग्र जोखिम व्यवस्थापनका क्षेत्रमा बैंकले गरेको प्रयासले निरन्तरता पाउने तथा भविष्यमा सिर्जना हुन सक्ने थप जोखिमलाई उत्कृष्ट ढंगले व्यवस्थापन गर्ने तर्फ बैंक सक्षम हुने विश्वास व्यक्त गर्नुभयो ।

**श्री शिवप्रसाद पण्डित** ज्यूले बैंकले नगद लाभांशका साथै बोनश शेयर मार्फत समेत शेयरधनीहरुको अपेक्षा पूरा गर्न सहयोग हुने हुँदा आगामी दिनमा सो तर्फ विशेष ध्यान दिन आग्रह गर्नुभयो । साथै, साधारण सभा समयमै सम्पन्न गर्न समेत आग्रह गर्नुभयो ।

**श्री अशोक उप्रेती** ज्यूले नव नियुक्त प्रमुख कार्यकारी अधिकृतको कार्यकाल सफल हुने अपेक्षा गर्नुहुँदै शेयरधनीहरुलाई दीर्घकालिन प्रतिफल दिनका लागि बैंकको समग्र व्यवस्थापन तल्लीन हुनुपर्ने मन्तव्य प्रस्तुत गर्नुभयो । साथै बैंकले आफ्नो कर्जा लगानीलाई समेत दीर्घकालीन प्रतिफल तर्फ केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो ।

**श्री अमृतनाथ रेग्मी** ज्यूले बैंकले राष्ट्र बैंकले तोके बमोजिम चुक्ता पूँजी आठ अर्व पुर्‍याउँदै अघिल्लो आर्थिक वर्षमा दुई अर्व माथिको मुनाफा कमाउन सफल भएकोमा बैंकका सम्पूर्ण व्यवस्थापन तथा विशेष रुपमा प्रमुख कार्यकारी अधिकृत जोसेफ सिल्भानुसको प्रशंसा गर्नुभयो । बैंकको समग्र आर्थिक सूचकांकमा प्रकाश पार्नुहुँदै उहाँले कर्जा र निक्षेप बीचको सन्तुलन कायम राख्न तथा NIT लाई ७०% कायम राख्न सफल हुनु नै बैंकको लागि महत्वपूर्ण उपलब्धि हासिल भएको विचार व्यक्त गर्नुभयो । बैंकका कर्मचारीहरुलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय तालिमहरुमा निरन्तर सहभागी गराउन समेत आग्रह गर्दै उहाँले बैंकले आगामी दिनहरुमा आफ्नो उपस्थिति बढाउँदै जानुपर्ने सुझाव समेत दिनुभयो । बैंकले विगतदेखि नै Consortium financing मा उत्कृष्टता हासिल गरिआएकोमा लगानीको नयाँ क्षेत्रको विकासमा समेत निरन्तर अग्रसर हुनुपर्ने र सोमा Consortium financing तथा अन्य आवश्यक उपायहरु समेत समेटिनु पर्नेमा जोड दिनुभयो ।

**श्री उद्धव प्रसाद घिमिरे** ज्यूले प्रति शेयर आम्दानी तथा खुद मुनाफाका आधारमा बैंकले लाभांश वितरण गरेको आफैंमा सन्तुलित रहेको धारणा राख्नुहुँदै बैंकको समग्र प्रगतिको समेत प्रशंसा गर्नुभयो । बैंकमा संस्थागत सुशासन उत्कृष्ट रहेको तथा सञ्चालक समिति समेत सन्तुलित रहेको विचार व्यक्त गर्नुहुँदै आगामी दिनहरुमा अझ उत्कृष्ट नतिजा हासिल गरी बैंकले शेयरधनीहरुलाई समेत सन्तुष्ट बनाउने अपेक्षा गर्नु भयो ।

**श्री चन्द्र नारायण श्रेष्ठ** ज्यूले बैंकको लगानी योग्य तरलता पर्याप्त भएकोले कर्जा लगानीको क्षेत्रमा विस्तार गर्दै जानुपर्नेमा जोड दिनु भयो । साथै, बैंकले थप रोजगारी सिर्जना गर्ने तर्फ र खुद सम्पत्ति बृद्धि गर्न समेत नविन पहलहरु चाल्नुपर्ने तथा थप शाखाहरु मार्फत निक्षेप संकलनमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**श्री भक्ति प्रसाद उप्रेती** ज्यूले बैंकको पूँजी लागत (Cost of Fund) उत्कृष्ट रहेको तथा नियमनकारी कोषहरुमा जम्मा गरेको रकम पश्चात वितरण गरेको लाभांश सन्तुलित नै रहेकोमा जोड दिनुभयो । साथै दिगो लाभांश वितरणमा बैंक सबल हुनुपर्ने र आगामी दिनहरुमा साधारण सभा समयमै सम्पन्न गर्ने तर्फ अग्रसर हुनुपर्नेमा जोड दिनुभयो ।

**श्री ब्रम्हदेव शाक्य** ज्यूले बैंकले सम्पत्ति शुद्धिकरण तथा वित्तिय अपराध नियन्त्रणका क्षेत्रमा खेलेको भूमिकाको प्रशंसा गर्नुहुँदै बैंकको समग्र आर्थिक अवस्था र शेयरधनीहरुलाई प्रदान गरिएको मुनाफा सन्तुलित नै रहेको धारणा राख्नुभयो । साथै नेपाल राष्ट्र बैंकको नीति बमोजिम कृषि क्षेत्रमा बैंकले गरेको लगानीका सम्बन्धमा थप स्पष्ट पारिदिन बैंक व्यवस्थापन पक्षलाई आग्रह गर्नुभयो । शेयरधनीहरुले शेयरको मूल्य घटेकोमा मात्रै नभई शेयरको मूल्य बृद्धि हुँदा सोबाट प्राप्त लाभलाई अन्यथा भन्न नहुने समेत विचार व्यक्त गर्नुभयो ।

**डा.सुन्दरलाल श्रेष्ठ** ज्यूले बैंकको वासलातको विविध पक्षमा प्रकाश पार्नुहुँदै कुल नाफा आर्जन तथा शेयरधनीहरुलाई प्रदान गरिएको लाभांशमा बैंकले अन्य बैंकहरु भन्दा उल्लेख्य प्रदर्शन गरेको तथा सन्तुलित वासलात पेश गर्न सफल भएको धारणा राख्नुभयो । बैंकसँग आवश्यक तरलता पर्याप्त हुँदा लगानीको विविध क्षेत्रहरुको पहिचान गरी कर्जा लगानीलाई अझ व्यापक बनाउनुपर्ने समेत धारणा राख्नुभयो । आफ्नै भवन तथा सोको लागि आवश्यक जग्गा खरिद गरी कुल सम्पत्ति बढाउनुपर्ने तथा शेयरधनी र सेवाग्राहीहरुलाई उत्कृष्ट सेवा प्रवाह गर्नुपर्ने समेत धारणा राख्नुभयो । साथै आफ्नो वार्षिक प्रतिवेदनलाई स्पष्ट रुपमा पेश गर्न सफल भएकोमा बैंक व्यवस्थापन पक्षलाई धन्यवाद समेत व्यक्त गर्नुभयो ।

**डा.माधव श्रेष्ठ** ज्यूले बैंकलाई नयाँ प्रमुख कार्यकारी अधिकृतले उत्कृष्ट नतिजाका लागि सही मार्गदर्शन प्रदान गर्न सफल हुनुहुनेमा आशावादी रहेको धारण व्यक्त गर्नु भयो । साथै, बैंकको वासलातमा प्रकाश पार्नुहुँदै बैंक वयवस्थापनलाई लिखित सुभाव समेत प्रदान गर्नुभयो ।

**श्री डिल्लीराम नकर्मी** ज्यूले बैंकले लगानीका लागि अन्य क्षेत्रभन्दा खानीमा लगानी गर्नुपर्नेमा विशेष जोडदिनुपर्ने धारणा राख्नु भयो । बैंकले आफ्ना कर्मचारीहरुमा गरेको लगानीले कमिक रुपमा प्रतिफल प्रदान गर्ने बताउँदै वहाँले बैंकले शाखा विस्तार गर्दै ग्राहकहरुलाई पायक पर्ने स्थान मार्फत वित्तिय सेवा विस्तार गर्दै जानुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**श्री शत्रुघन श्रेष्ठ** ज्यूले बैंकले लगानी विस्तारका लागि निक्षेप संकलनमा समेत विशेष जोडदिनुपर्ने तथा सोको लागि शाखा विस्तारमा आवश्यक पहल गर्नुपर्ने धारणा राख्नु भयो । साथै, पर्यटन तथा जलविद्युतको क्षेत्रमा समेत लगानी बृद्धि गर्न तथा शेयरधनीहरुलाई प्रदान गर्ने मुनाफामा बोनश शेयर समेत समावेश गर्न आग्रह गर्नुभयो ।

**श्री राजकुमार श्रेष्ठ** ज्यूले बैंकले नियामक निकायको निर्देशन बमोजिम समयमा नै चुक्ता पूँजी पुर्‍याएकोमा धन्यवाद व्यक्त गर्नुहुँदै आगामी दिनहरुमा आफ्नो उत्कृष्टता कायम गर्न समेत बैंकलाई सुझाव दिनुभयो । प्रति शेयर आम्दानी र लाभांशको वितरण सन्तुलित नै रहेकोमा जोड दिँदै उहाँले आगामी दिनमा स्थिर किसिमको प्रतिफल नीतिलाई कायम गर्न समेत आग्रह गर्नुभयो । साथै नेपालको सन्दर्भमा जलविद्युत र कृषि क्षेत्रमा गरिने लगानीले नै उचित प्रतिफल प्रदान गर्ने धारणा राख्नु भयो ।

**प्रा.श्री दामोदर प्रसाद रेग्मी** ज्यूले गैह्र बैंकिङ्ग सम्पत्तिलाई ०.१८% मा कायम राख्दै कर्जा जोखिमको व्यवस्थापनमा बैंकले विशेष सफलता हासिल गरेको विषय आफैंमा सुखद रहेको धारणा राख्नुभयो । आगामी दिनहरुमा सर्वसाधारण शेयरधनीहरुको अपेक्षा बमोजिम शाखा विस्तार मार्फत निक्षेप संकलन तथा परिचालनमा बृद्धि गरी उत्कृष्ट नतिजा मुलक परिणाम हासिल गर्न बैंक अग्रसर हुनुपर्ने समेत धारणा राख्नु भयो । साथै, लाभांश वितरणमा सन्तुलित नीति कायम गर्दा नै शेयरधनीको अपेक्षा पूरा हुने विश्वास व्यक्त गर्नुभयो ।

**श्री लवराज जोशी** ज्यूले स्थानीय स्रोतहरुको व्यवस्थित परिचालन मार्फत नै बैंकले अझ उत्कृष्ट नतिजा हासिल गर्न सफल हुने विश्वास व्यक्त गर्नुभयो । बैंकले आफ्नै भवन निर्माण गर्नु पर्ने तथा अन्य सम्पत्ति बृद्धिमा जोड दिँदै शेयरधनीहरुको स्थायित्वको चाहनालाई पूरा गर्न सुझाव दिनुभयो । साथै, निक्षेप संकलनलाई आगामी दिनमा अझ बृद्धि गरी कर्जा लगानीको क्षेत्रलाई बृहद बनाउन समेत आग्रह गर्नुभयो ।

**श्री राम गोपाल महर्जन** ज्यूले बैंकले हासिल गरेको प्रगतिको प्रशंसा गर्नुहुँदै आगामी दिनमा शाखा विस्तारको रणनीति अपनाउनु पर्नेमा जोड दिनुभयो। साथै, सबै सञ्चालकहरुले सञ्चालक समितिको बैठक भत्ता समेत लिनुपर्ने धारणा राख्नुभयो । शेयरधनीहरुको प्रतिफलको अपेक्षा समेट्ने गरी आगामी दिनमा बोनश शेयरलाई समेत लाभांशको रुपमा समेट्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

**श्री महेन्द्र बहादुर श्रेष्ठ** ज्यूले बैंकको लगानीको क्षेत्रमा कृषि क्षेत्रले विशेष प्राथमिकता पाउनुपर्ने धारणा राख्नुहुँदै संस्थागत सामाजिक उत्तरदायित्वको रुपमा बैंकले अत्यावश्यक क्षेत्रमा सरकारी निकायसँग समन्वय गरेर कार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । साथै शेयरधनीहरुले बोनस शेयरको समेत अपेक्षा गर्ने हुँदा आगामी दिनहरुमा लाभांशलाई सन्तुलित रुपमा वितरण गर्न समेत आग्रह गर्नुभयो ।

**श्री कृष्ण बहादुर अधिकारी** ज्यूले बैंकले हासिल गरेको सफलताको प्रशंसा गर्नुहुँदै बैंकले NFRS प्रतिवेदनलाई नेपालीमा समेत प्रस्तुत गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । थप शाखाहरु मार्फत भविष्यमा अझ सबल र सुदृढ प्रतिवेदन पेश गर्न बैंक सफल हुनेमा आशावादी रहेको धारणा राख्नुहुँदै बैंकको निरन्तर प्रगतिका लागि हालसम्म सम्पूर्ण व्यवस्थापनले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो ।

**११. सभाका अध्यक्षज्यूको जवाफ:**

साधारण सभामा भाग लिन आउनु भएका शेयरधनीहरुलाई धन्यवाद दिनुहुँदै उहाँले शेयरधनीहरुले गर्नु भएको प्रशंसा, उठाउनु भएका जिज्ञासा तथा प्रश्नहरुको लागि पनि सञ्चालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्नु भयो । साथै, शेयरधनीहरुको धारणाबाट बैंक प्रतिको लगाव एवम् समर्पण प्रस्फुटित भएको तथा बैंकले अझ उत्कृष्ट नतिजा प्रस्तुत गर्न सहयोग पुग्ने हेतुले समालोचनात्मक दृष्टिकोणबाट विचार व्यक्त भएको र बैंकले सम्पूर्ण शेयरधनीहरुको भावनाको सदैव कदर गर्ने र सोलाई मार्गदर्शनको रुपमा ग्रहण गर्ने बताउनुभयो ।

साथै, उहाँले शेयरधनीहरुको अपेक्षा अनुरुप बैंकको सम्पूर्ण व्यवस्थापन दीर्घकालीन प्रतिफलको लागि प्रतिवद्ध भएर कार्य गरिरहेको समेत स्मरण गराउनु भयो । सुरक्षित प्रतिफलले नै आगामी दिनहरुमा बैंकको समग्र आय बृद्धिलाई निर्देश गर्ने तथा दीर्घकालसम्मको स्थिर सम्बन्धले नै बैंकलाई उत्कष्ट बन्न उत्प्रेरित गर्ने समेत बताउनु भयो । स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपालमा कार्यरत ९५% (प्रतिशत) भन्दा बढि कर्मचारीहरु नेपालीनै हुनुले नेपालमा स्ट्याण्डर्ड चार्टर्ड समूहले गरेको विश्वास एवम् तथा यहाँको समग्र रोजगारी वातावरणलाई प्रतिबिम्बित गर्ने धारणा राख्नुभयो ।

बहुराष्ट्रिय कम्पनी तथा अन्तराष्ट्रिय संस्थाहरुलाई नेपालमा लगानीको लागि बैंकले उत्प्रेरित गरिरहेको तथा नेपालमा सञ्चालित विभिन्न बहुराष्ट्रिय कम्पनी तथा अन्तर्राष्ट्रिय संस्थाहरु मार्फत नेपालमा लगानीको वातावरण सिर्जना गर्न बैंकले महत्वपूर्ण कदम चालिरहेको समेत अवगत गराउनु भयो । तरलता र कर्जा लगानीको सन्तुलन कायम राख्दै बैंकले बलियो र सुदृढ वासलात प्रस्तुत गर्न सफल भएको बताउँदै वहाँले शेयरधनीहरुले प्राप्त गर्ने प्रतिफललाई समेत दिगो रुपमा कायम गर्न बैंक सबै किसिमले प्रयत्नशील रहेको विचार व्यक्त गर्नुभयो ।

**१२. प्रमुख कार्यकारी अधिकृत श्री जोसेफ सिल्भानुस ज्यूको सम्बोधन**

त्यस्तै, बैंकका प्रमुख कार्यकारी अधिकृत श्री जोसेफ सिल्भानुस ज्यूले शेयरधनीहरुको जिज्ञासालाई सम्बोधन गर्नुहुँदै समिक्षा अवधिमा कृषि क्षेत्रमा बैंकले नेपाल राष्ट्र बैंकले तोकेको सीमा भन्दा अधिक समग्रमा रु.४ अर्व लगानी गरेको, पर्यटन क्षेत्रको लागि सहयोगी बन्दै सो क्षेत्रमा १४-१५ बर्ष सम्म अवधिको लागि कर्जा लगानी गरेको तथा समग्रमा बैंक सुरक्षित रुपमा कर्जा लगानीको विस्तारमा सक्रिय रहेको धारणा व्यक्त गर्नुभयो । साथै बैंकले १८-२० बर्ष सम्मका लागि घरजग्गाको धितो सुरक्षणमा कर्जा लगानी गरिरहेको उल्लेख गर्दै उहाँले सम्पूर्ण शेयरधनीहरुलाई बैंकको आफ्नो भवन नभएकै आधारमा नेपालबाट पलायन हुने तर्फ उन्मुख रहेको भनी सम्बोधन नगरीदिनुहुन आग्रह गर्नुभयो ।

लाभांश वितरणमा समेत बैंक खुल्ला एवम् पारदर्शी भएको उल्लेख गर्नुहुँदै उहाँले बैंकले कुल नाफाबाट सम्पूर्ण नियामक निकायले तोकेको कोषमा आवश्यक रकम जम्मा गर्दै सबै किसिमका कर चुक्ता गरी बाँकी रहेको सम्पूर्ण रकम लाभांशको रुपमा वितरण गर्ने नीति अवलम्बन गरेको तथा यस बर्ष समेत सोही अनुसार लाभांश वितरणको लागि प्रस्ताव गरिएको जानकारी दिनुभयो । लाभांश रकम कम भएको भनी केही

शेयरधनीहरुले आफनो मन्तव्यका क्रममा व्यक्त गर्नुभएकोमा वहाँले FPO (एफपिओ) पश्चात बैंकको शेयरको संख्यात्मक आधारमा बृद्धि भएको तथा बैंकले अघिल्लो वर्ष एक शेयर बराबर एक बोनश शेयर वितरण गरेकोमा यस बर्ष नियामक निकायले नयाँ जगेडा कोष (नियामक जगेडा कोष) मा थप रकम जम्मा गर्नुपर्ने गरी तोकेकोले केही मात्रामा लाभांश रकम कम भए पनि समग्र लाभांश सन्तुलित नै रहेको बताउनुभयो । साथै, वहाँले नेपालमा स्ट्याण्डर्ड चार्टर्ड बैंकले क्रमिक र दिगो रुपमा मुनाफा बृद्धिमा केन्द्रित हुँदै कार्य गरिरहेको र आगामी दिनहरुमा शेयरधनीहरुको अपेक्षा पूरा गर्दै जाने समेत उल्लेख गर्नुभयो ।

१३. **प्रस्ताव तथा निर्णय** :

अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतज्यूले जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो ।

**क. सामान्य प्रस्ताव :**

**१. आर्थिक वर्ष २०७४/०७५ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने :**

**निर्णयः**

सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७४/७५ को प्रतिवेदन छलफल गरी पारित गर्ने प्रस्ताव अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०७५ मा समाप्त भएको वर्षको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने :**

**निर्णयः**

लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०७५ मा समाप्त भएको वर्षको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १७.५० (अक्षेरुपी सत्र रुपैया पचास पैसा) का दरले नगद लाभांश स्वीकृत गर्नेः**

**निर्णयः**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १७.५० (अक्षेरुपी सत्र रुपैया पचास पैसा) का दरले नगद लाभांश स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने {बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक एस.ए.आर चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियूक्त हुन सक्नेछ}**

**निर्णयः**

आर्थिक बर्ष २०७४/०७५ को लागि एक जना लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तय गर्ने प्रस्तावका सम्बन्धमा कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन, २०७३ ले व्यवस्था गरे बमोजिम वर्तमान लेखापरीक्षक पुनः नियुक्त हुन योग्य भएको हुदाँ बैंकको लेखापरीक्षण समिति र संचालक समितिले वर्तमान लेखापरीक्षक श्री एस.ए.आर.चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्तिको लागि सिफारिस गरेको जानकारी

अध्यक्षले गराउँदै शेयरधनीहरूलाई उक्त लेखापरीक्षण फर्मलाई आर्थिक वर्ष २०७५/०७६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र उक्त फर्मलाई लेखापरीक्षण शुल्क जम्मा रु. २०,५०,०००/- (अक्षरेपी बिस लाख पचास हजार मात्र) कायम गर्ने गरी नियुक्त गर्ने प्रस्ताव स्वीकृति/अनुमोदनका लागि पेश गरिएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**५. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने :**

**निणर्य :**
सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालक निर्वाचन प्रक्रिया सञ्चालन गर्नका लागि सञ्चालक समितिका अध्यक्ष श्री जितेन्दर अरोराज्यूले निर्वाचन अधिकृतलाई अनुमति दिनु भई सो बमोजिम निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया अगाडी बढाएको जानकारी गराउनुहुँदै शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालक पदका लागि बैंकका शेयरधनी श्री भरत कुवँर बाहेक अन्य उम्मेदवारी नपरेको हुनाले बैंकको सर्वसाधारण शेयरधनीका तर्फबाट बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्न **श्री भरत कुवँर** सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा निर्वाचन अधिकृतज्यूले गर्नु भयो । संचालक समिति, सभामा उपस्थित सम्पुर्ण शेयरधनी तथा बैंक व्यवस्थापनले नव निर्वाचित संचालकलाई हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना दिनु भयो ।

**ख.विविधः**
सभाका अध्यक्षज्यूले यस विषयमा कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**१. धन्यवाद ज्ञापनः**
छलफलको निमित्त राखिएका प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले बैंकको उत्कृष्ट कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र बत्तीसौं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनीहरूलाई, नियमनकारी निकायका प्रतिनिधिहरुलाई, सम्पूर्ण शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**२. सभा बिसर्जनः**
अन्तमा साँझ **५:३०** बजे सभाका अध्यक्षज्यूले बैंकको बत्तीसौं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

Jitender Arora

श्री जितेन्द्र अरोरा
**अध्यक्ष**

बिमल सिंह
**कम्पनी सचिव**